आज मिति २०८२ साल फागुन ५ गते मङ्गलबारका विहानको ८.०० बजे धुलिखेल नगरपालिका, नगर कार्यपालिकाको नियमित बैठक का.वा.नगर प्रमुख श्री निराजन जंगमज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा त्रिपन्नौ बैठक बस्यो ।

उपस्थिति

| सि.नं | पद | नाम | दस्तखत |
|---|---|---|---|
| १ | का.वा. नगर प्रमुख | श्री निराजन जंगम | |
| २ | वडा अध्यक्ष | श्री सन्त बहादुर लामा | |
| ३ | वडा अध्यक्ष | श्री अर्जुन न्यौपाने | |
| ४ | वडा अध्यक्ष | श्री गणेश आचार्य | |
| ५ | वडा अध्यक्ष | श्री उत्तम प्रसाद तिमल्सिना | |
| ६ | वडा अध्यक्ष | श्री प्रमोद सुन्दर श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री संजय कोजू | |
| ८ | वडा अध्यक्ष | श्री रोमी प्रसाद श्रेष्ठ | |
| ९ | वडा अध्यक्ष | श्री विनोद गौतम | |
| १० | का.वा.वडा अध्यक्ष | श्री बालकृष्ण गौतम | |
| ११ | वडा अध्यक्ष | श्री गोविन्द प्रसाद उपाध्याय | |
| १२ | वडा अध्यक्ष | श्री नारायण प्रसाद बडाल | |
| १३ | वडा अध्यक्ष | श्री मोहन प्रसाद लामिछाने | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सिता पराजुली | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री सन्जु तामाङ | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री सजना खड्गी | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री मिरु कुमारी भण्डारी | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री कमला भट्टराई (काफ्ले) | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री रत्न कुमारी सेवा | |
| २० | नगर कार्यपालिका सदस्य | श्री राम सुन्दर सुन्दास | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सुमी भुजेल | |
| २२ | सचिव | श्री मोहन प्रसाद मरासिनी | |

CS Scanned with CamScanner

५३औं कार्यपालिका बैठकको बैठकका एजेण्डाहरु:

1. ५२औं कार्यपालिका बैठकको निर्णय समिक्षा ।
2. ४०औं स्थापना दिवस सम्बन्धमा ।
3. बिबिध ।

५३ औ कार्यपालिका बैठकमा पेश भएका एजेण्डा/प्रस्तावमा छलफल गरी सर्बसम्मत रुपमा देहायका निर्णयहरु गरियो ।

१. नगरकार्यपालिकाको ५२औं बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाका बारेमा समीक्षा गरियो । साथै कार्यान्वयन हुन बाँकी निर्णयको सम्बन्धमा शिघ्र कार्यान्वयन गर्न सम्बन्धित शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

२. प्रतिनिधि सभा सदस्य निर्बाचन २०८२ को आचार संहिता समेतलाई मध्यनजर गर्दै धुलिखेल नगरपालिकाको ४०औं स्थापना दिवस २०८२ फागुन ५ गते धुलिखेल नगरपालिकाका निर्वाचित जनप्रतिनिधि, नगरपालिकाका कर्मचारी तथा शिक्षकहरुको उपस्थितिमा साधारण तरिकाले मनाउने निर्णय गरियो । साथै उक्त अवसरमा देहायका व्यक्तिहरुलाई देहाय अनसार पुरस्कृत गर्ने निर्णय गरियो ।

| क्र.सं | मानपद्वी प्राप्त गर्नेको नाम | मानपद्वी वितरण गर्ने आधारहरु | पुरस्कार तथा सम्मान |
|---|---|---|---|
| १ | श्री रबिना घिमिरे (तिमल्सिना), अधिकृतस्तर छैठौं, नगरपालिकाको सेवामा ईमान्दारिताका साथ सकृय रुपमा कार्य गरेको । | धुलिखेल नगर कार्यपालिकाकों कार्यालय कार्य सम्पादनको स्तर, क्रियाशीलता, सेवाग्राहीहरुसंगको सम्वन्ध, इमान्दारिता, पेशागत निष्ठा, आचरण समेतको आधारमा उत्कृष्ट छनौट भएको १ जना । | जनसेवाश्री |
| २ | श्री रञ्जित कुमार राई, मावि शिक्षक तृतीय, नगरपालिकाको शिक्षा क्षेत्रमा महत्वपूर्ण योगदान गरेको । | धुलिखेल नगर कार्यपालिकाको शिक्षा क्षेत्रमा इमान्दारिता, पेशागत निष्ठा, आचरण समेतको आधारमा उत्कृष्ट छनौट भएको १ जना । | जनसेवाश्री |

३. बिबिध :

क. बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी बिकास मन्त्रालय, कृषि विकास निर्देशनालयको मिति २०८२ माघ २५ गतेको सुचना बमोजिम नगरपालिकाले बेहोर्ने लागत सहभागिताको प्रतिवद्धता सहित बिषेश तरकारी पकेट क्षेत्रको लागि परियोजना पेश गर्ने निर्णय गरियो ।

ख. धुलिखेल नगर शिक्षा समितिको मिति २०८२।१०।०७ र मिति २०८२।१०।१३ गतेका निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

CS Scanned with CamScanner